"रम्भा गाउँपालिकाको शान, सुखी रम्भाबासि समृद्ध रम्भा हाम्रो अभियान"

रम्भा गाउँपालिकाको
वार्षिक विकास योजना पुस्तक
आ. व. २०८३/०८४

गाउँपालिकाको १९ औं गाउँसभाबाट
पारित बजेट नीति तथा कार्यक्रम
०७ आषाढ, २०८३

रम्भा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पिपलडाँडा, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
E-mail : rambhamun@gmail.com
Website : www.rambhamun.gov.np

रम्भा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पिपलडाँडा, पाल्पा

☏ : 9857068770/9847225779
✉ : rambhamun@gmail.com
🌐 : www.rambhamun.gov.np
लुम्बिनी प्रदेश, नेपाल ।

प.स: ०८३/८४
च.नं :

मन्तव्य



रम्भा गाउँपालिकाको सर्वाङ्गीण विकास, आर्थिक समृद्धि र सुशासनको स्पष्ट खाकासहित आर्थिक वर्ष २०८३/८४ को वार्षिक विकास योजना पुस्तिका प्रकाशन हुन लागेकोमा म गौरव महसुस गर्दछु । यस अवसरमा म सम्पूर्ण गाउँपालिकावासी आदरणीय आमा बुबा दाजुभाई तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

हाम्रो मुख्य संकल्प भनेकै रम्भा गाउँपालिकालाई आत्मनिर्भर, समुन्नत र समृद्ध बनाउनु हो । स्थानीय नागरिकका आधारभूत आवश्यकताहरूको परिपूर्ति, गरिबी निवारण र समतामूलक समाजको निर्माणमा हामी प्रतिबद्ध छौँ। आगामी आर्थिक वर्ष २०८३/८४ को नीति,कार्यक्रम तथा बजेट तर्जुमा गर्दा हामीले रम्भाको मुख्य आधार मानिएका कृषि, पशुपालन, पर्यटन, शिक्षा, स्वास्थ्य र दिगो पूर्वाधार विकासलाई विशेष प्राथमिकतामा राखेका छौँ। स्थानीय स्रोत, साधन र सम्भाव्यताको अधिकतम उपयोग गर्दै युवा स्वरोजगारी सिर्जना गर्ने र उद्यमशीलतालाई प्रोत्साहन गर्ने जनमुखी कार्यक्रमहरू यस पुस्तिकामा समावेश गरिएका छन् ।

योजनाहरूको सफल तर्जुमासँगै यिनीहरूको अक्षरसः र समयबद्ध कार्यान्वयन हुनु उत्तिकै आवश्यक छ । **"रम्भा गाउँपालिकाको शान, सुखी रम्भाबासि समृद्ध रम्भा हाम्रो अभियान"** को साझा नारालाई साकार पार्न जनप्रतिनिधि र कर्मचारी संयन्त्रको सवल परिचालन, आर्थिक अनुशासन पारदर्शी कार्यप्रणाली र उपभोक्ता समितिहरूको सक्रिय सहभागितामा हामीले विशेष जोड दिएका छौँ। विकासका प्रतिफलहरू समाजको अन्तिम कुना र विपन्न वर्गसम्म समन्यायिक रूपमा पुऱ्याउनु हाम्रो मुख्य ध्येय रहनेछ ।

यो योजना पुस्तिकालाई यो रूपसम्म ल्याउन आ-आफ्नो क्षेत्रबाट अमूल्य सुझाव,सल्लाह र सहयोग प्रदान गर्नुहुने आदरणीय उपाध्यक्षज्यू, वडा अध्यक्षज्यूहरू, कार्यपालिका सदस्यज्यूहरू, गाउँसभा सदस्यज्यूहरू, राजनीतिक दल, टोल विकास संस्थाहरु नागरिक समाज, बुद्धिजीवी, सञ्चारकर्मी र सम्पूर्ण गाउँवासी आमा बुबा, दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । साथै,योजना तर्जुमाको जटिल प्रक्रियालाई कुशलतापूर्वक सम्पन्न गर्ने प्रमुख प्रशासकीय अधिकृतसहित गाउँपालिकाका सम्पूर्ण कर्मचारी मित्रहरूलाई धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा, यस पुस्तिकामा समेटिएका दिगो विकासका लक्ष्यहरू प्राप्त गर्न आगामी दिनमा पनि आम नागरिक, निजी क्षेत्र, सहकारी, सरोकारवाला निकाय र सम्पूर्ण रम्भावासीको निरन्तर साथ, रचनात्मक सहयोग र ऐक्यवद्धता रहनेछ भन्ने पूर्ण विश्वास व्यक्त गर्दछु ।

धन्यवाद ।

(विष्णु प्रसाद भण्डारी)
अध्यक्ष

रम्भा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पिपलडाँडा, पाल्पा

☏ : 9857068770/9847225779
✉ : rambhamun@gmail.com
🌐 : www.rambhamun.gov.np
लुम्बिनी प्रदेश, नेपाल ।

प.सः ०८३/८४
च.नं :



मन्तव्य

रम्भा गाउँपालिकाको योजनाबद्ध विकास, सामाजिक न्याय र सुशासनको मार्गचित्र समेटिएको आर्थिक वर्ष २०८३/८४ को वार्षिक विकास योजना पुस्तिका प्रकाशन हुन लागेकोमा मलाई अत्यन्त खुसी लागेको छ । यस सुखद अवसरमा म सम्पूर्ण न्याय प्रेमी तथा आदरणीय गाउँपालिका वासी आमा बुबा, दाजुभाई तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि र प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

स्थानीय सरकारको महत्त्वपूर्ण जिम्मेवारी विकास निर्माणका साथै समाजका पछाडि पारिएका वर्ग, महिला, बालबालिका, ज्येष्ठ नागरिक, दलित, अपाङ्गता भएका व्यक्ति र अल्पसङ्ख्यक समुदायको उत्थान र सशक्तीकरण गर्नु पनि हो । यसै वास्तविकतालाई आत्मसात् गर्दै आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट, नीति तथा कार्यक्रममा हामीले लक्षित वर्गको क्षमता विकास, लैंगिक समानता, समावेशी विकास र सामाजिक सुरक्षाका क्षेत्रमा विशेष जोड दिएका छौं । न्यायपूर्ण र समता मूलक समाज निर्माणका लागि चालिएका यी कदमहरूले गाउँपालिकाको चौतर्फी विकासमा महत्त्वपूर्ण इँटा थप्ने विश्वास लिएको छु ।

यसका साथै, स्थानीय न्यायिक समितिको संयोजक र योजना अनुगमन तथा सुपरिवेक्षण समितिको संयोजकको हैसियतले योजनाहरूको छनोट पारदर्शी रूपमा भएको र यिनीहरूको कार्यान्वयन पनि उत्तिकै गुणस्तरीय, मितव्ययी र समयबद्ध हुनुपर्छ भन्ने मेरो दृढ मान्यता रहेको छ । उपभोक्ता समितिहरूलाई जवाफदेही बनाउँदै, पालिकाभित्र हुने विकास निर्माणका कार्यलाई प्रभावकारी ढङ्गले अनुगमन गरी भ्रष्टाचार मुक्त र सुशासित रम्भा निर्माण गर्न हामी निरन्तर क्रियाशील रहनेछौं ।

यो योजना पुस्तिकालाई अन्तिम रूप दिन मार्गनिर्देशन गर्नुहुने आदरणीय गाउँपालिका अध्यक्षज्यू, कार्यपालिकाका सहकर्मी साथीहरू, गाउँ सभा सदस्यज्यूहरू तथा नीति निर्माणमा रचनात्मक सुझाव दिनुहुने राजनीतिक दल, नागरिक समाज र आम गाउँवासी आमा बुवा, दाजुभाइ तथा दिदीबहिनीहरू प्रति हार्दिक आभार प्रकट गर्दछु । साथै, योजना तर्जुमा र व्यवस्थापनको कार्यमा अहोरात्र खटिनु हुने प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारीमित्रहरूलाई धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा, यस पुस्तिकामा समेटिएका जनमुखी योजना र कार्यक्रमहरूलाई सफल बनाउन आगामी दिनमा पनि सम्पूर्ण सरोकारवाला निकाय, नागरिक समाज, निजीक्षेत्र र आम गाउँवासीको पूर्ण सहयोग र सहकार्य रहनेछ भन्ने विश्वास व्यक्त गर्दछु ।

धन्यवाद ।

(राधा कुमारी श्रेष्ठ)
उपाध्यक्ष

रम्भा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पिपलडाँडा, पाल्पा

☏ : 9857068770/9847225779
✉ : rambhamun@gmail.com
🌐 : www.rambhamun.gov.np
लुम्बिनी प्रदेश, नेपाल ।

प.सः ०८३/८४
च.नं :

मन्तव्य



रम्भा गाउँपालिकाको सर्वाङ्गीण विकास, सुशासन र समृद्धिको यात्रामा स्पष्ट मार्गचित्र तय गर्दै आर्थिक वर्ष २०८३/८४ को वार्षिक विकास योजना पुस्तिका प्रकाशन हुन लागेकोमा मलाई अत्यन्त खुसी लागेको छ ।

स्थानीय सरकारको मुख्य दायित्व नागरिकका प्राथमिकता र आकांक्षाहरूलाई सम्बोधन गर्दै न्यायपूर्ण, समतामूलक र दिगो विकासको जग बसाल्नु हो । यसै सन्दर्भमा, आगामी आर्थिक वर्षको बजेट, नीति तथा कार्यक्रम तर्जुमा गर्दा हामीले आर्थिक विकास, सामाजिक समावेशीकरण ,कृषि तथा पर्यटनको प्रवर्द्धन, भौतिक पूर्वाधार निर्माण, वातावरण संरक्षण र सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको उपयोग जस्ता महत्त्वपूर्ण स्तम्भहरूलाई विशेष प्राथमिकतामा राखेका छौँ । उपलब्ध सीमित स्रोत र साधनको अधिकतम उपयोग गर्दै रम्भा गाउँवासीको जीवनस्तरमा प्रत्यक्ष र सकारात्मक परिवर्तन ल्याउने जनमुखी कार्यक्रमहरूलाई यस पुस्तिकामा व्यवस्थित रूपमा समेटिएको छ ।

योजनाहरू तर्जुमा गर्नु जति महत्त्वपूर्ण छ, त्यसको समयबद्ध, गुणस्तरीय र प्रभावकारी कार्यान्वयन गर्नु त्योभन्दा बढी चुनौतीपूर्ण र आवश्यक पक्ष हो । यस पुस्तिकामा उल्लिखित नीति, योजना तथा कार्यक्रमहरूलाई पारदर्शी, मितव्ययी र जवाफदेही ढङ्गले कार्यान्वयन गर्न सम्पूर्ण प्रशासनिक संयन्त्र पूर्ण प्रतिबद्ध रहेको छ । सुशासनको प्रवर्द्धन, सेवा प्रवाहमा सरलीकरण र सदाचारको अवलम्बन गर्दै विकासका प्रतिफलहरू वास्तविक लक्षित वर्ग र विपन्न समुदायसम्म पुर्यामउन हामी निरन्तर क्रियाशील रहनेछौँ ।

यो योजना पुस्तिकालाई अन्तिम रूप दिई प्रकाशनको चरणसम्म ल्याउन सही मार्गनिर्देशन र नेतृत्व प्रदान गर्नुहुने श्रद्धेय गाउँपालिका अध्यक्षज्यू, उपाध्यक्षज्यू, वडा अध्यक्षज्यूहरू, कार्यपालिका सदस्य ज्यूहरू,तथा सम्पूर्ण जनप्रतिनिधिज्यूहरू प्रति हार्दिक आभार प्रकट गर्दछु । साथै, योजना तर्जुमा, बजेट प्रविष्टि र संकलनको कार्यमा अहोरात्र खटिनुहुने सम्पूर्ण विषयगत शाखा प्रमुखहरू, कर्मचारी मित्रहरु नागरिक समाज, बुद्धिजीवी र रचनात्मक सुझाव दिनुहुने आम रम्भा गाउँपालिकावासी दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

अन्त्यमा, यस वार्षिक विकास योजनामा समेटिएका लक्ष्य र उद्देश्यहरू सफलतापूर्वक हासिल गर्न सम्बद्ध सबै सरोकारवाला निकाय, उपभोक्ता समिति, निजी क्षेत्र, गैरसरकारी संस्था र आम नागरिकहरूको अझ मजबुत साथ,सहयोग र रचनात्मक सहकार्य रहनेछ भन्ने पूर्ण विश्वास व्यक्त गर्दछु ।

धन्यवाद ।

(वीर बहादुर पुन)
प्रमुख प्रशासकीय अधिकृत

विषय सूची

क्र.स.	शिर्षक	पेज नं.
१	रम्भा गाउँपालिकाको संक्षिप्त परिचय	१
२	आर्थिक वर्ष ०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम	२
३	रम्भा गाउँपालिका आ.व.०८३।८४ को बजेट वक्तव्य	१०
४	रम्भा गाउँपालिकाको आ.व २०८३/०८४ को बजेट	१७
५	आर्थिक ऐन, २०८३	६२
६	रम्भा गाउँपालिकाका निर्वाचित जनप्रतिनीधिहरुको विवरण	८५
७	रम्भा गाउँपालिका, गाउँ कार्यपालिकामा कार्यरत कर्मचारीहरुको विवरण	८६
८	रम्भा गाउँपालिकाका वडा कार्यालयतर्फ कार्यरत कर्मचारीहरुको विवरण	८८
९	रम्भा गाउँपालिकाका स्वास्थ्य संस्थाहरुमा कार्यरत स्वास्थ्य इन्चार्जहरुको विवरण	८९
१०	रम्भा गाउँपालिकामा रहेका सामुदायिक तथा संस्थागत विद्यालयहरुको विवरण	९०
११	रम्भा गाउँपालिकामा संचालित एम्बुलेन्स सेवाहरुको विवरण	९२
१२	रम्भा गाउँपालिकामा रहेका प्रहरी चौकीहरुको विवरण	९२

रम्भा गाउँपालिकाको संक्षिप्त परिचय

पाल्पा जिल्लाको साविक हुँगी, फोक्सिङकोट, पिपलडाँडा, हुमिन, ताहुँ गरी ५ वटा गा.वि.स. र हेक्लाङ गा.वि.स. को वडा नं. ९ समेत गरी जम्मा ५ वटा वडा कायम गरी रम्भा गाउँपालिकाको घोषणा भएको छ। यस गाउँपालिकाको पूर्वतर्फ पूर्वखोला गाउँपालिका र रामपुर नगरपालिका, पश्चिम तर्फ माथागढी र बगनासकाली गाउँपालिका, उत्तर तर्फ कालीगण्डकी नदी र दक्षिण तर्फ माथागढी र पूर्वखोला गाउँपालिका रहेका छन्। यस गाउँपालिकामा प्रशिद्ध रम्भादेवीको मन्दिर रहेकोले यस गाउँपालिकाको नाम प्रशिद्ध शक्तिपिठ रम्भादेवीको नामबाट रम्भा गाउँपालिका नामाकरण गरिएको हो।

पाल्पा जिल्लाको सर्वोत्कृष्ट दोश्रो शिखर रिमिघा लेक पनि यसै गाउँपालिकामा पर्दछ। यसका साथै प्रशिद्ध धार्मिक स्थल उत्तरबाहिनी क्षेत्र, रानिबास, हुँगीफाट, निकीचौर, अगाँहाखोला, गरुङ्गा आदी रमणीय पर्यटकीय क्षेत्रहरु पर्दछन्। यस गाउँपालिकाको पश्चिममा सिद्धार्थ राजमार्ग, उत्तर पूर्वमा कालिगण्डकी कोरिडोर, र दक्षिणमा रामपुर जोड्ने सडक रहेको छ।

यस गाउँपालिकाको क्षेत्रफल ९४.१२ वर्ग किलोमिटर रहेको छ । रम्भा गाउँपालिकाको आ.व. २०७८/०७९ मा गरेको घरधुरी सर्भेक्षण अनुसार यस पालिकाको कुल जनसंख्या १९४८७ रहेको छ। यहाँ मुख्य गरी मगर, ब्राह्मण, क्षेत्री र दलित जातिको वसोबास रहेको छ भने हिन्दु धर्म मान्ने समुदायको बाहुल्यता रहेको छ।



आर्थिक वर्ष ०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम

१. आर्थिक विकास

क) कृषि तथा पशु

- कृषि तथा पशुपालन व्यवसायलाई व्यवस्थित एवं सम्मानित बनाई दुध मासु उत्पादनमा जोड दिनुका साथै बजारीकरणका लागि कृषि एम्वुलेन्स संचालनलाई निरन्तरता दिईनेछ।
- कृषि तथा पशु व्यवसाय संचालनका लागि **सहुलियत व्याजदरमा कर्जा प्रवाह कार्यक्रम,** प्राविधिक सेवा, कृषि औजार तथा मेसिनरी सामान वितरण, हल गोरुमा अनुदान, पशु खोप माटो परीक्षण तथा माहुरी पालन मत्स्य पालन जस्ता कार्यमा विशेष जोड दिइनेछ।
- **लिची, सुन्तला जातका फलफूलहरुको जोनको** रुपमा विस्तार गर्ने कार्य अगाडी बढाईनेछ।
- प्राङ्गारिक एवं जैविक मल उत्पादन, आधुनिक घाँसको उत्पादन जस्ता कार्यमा जोड दिइनेछ।
- **उत्पादनमा आधारित अनुदानको** व्यवस्थालाई निरन्तरता एवं थप प्रभावकारी बनाइनेछ।
- रैथाने बालिहरुको प्रवर्द्धनमा विशेष जोड दिइनेछ।
- शित भण्डार केन्द्र व्यवस्थापन तथाथप निर्माण कार्यमा आवश्यक पहल गरिनेछ।
- खेती योग्य बाझो जग्गा प्रयोगमा ल्याउका लागि भूमि बैङ्क स्थापना गरि जग्गा लिजमा लिने दिने व्यवस्था मिलाईनेछ।
- कृषकहरुलाई सम्मान, पुरस्कार तथा प्रोत्साहनको व्यवस्था मिलाइनेछ।
- पशु दाना उद्योग स्थापनाका लागि अध्ययन कार्य अगाडी बढाइनेछ।
- उन्नत जातका विउ विजन तथा फलफूलका विरुवा वितरणको व्यवस्था मिलाईनेछ।
- मागमा आधारित कृषि तथा पशु विकास कार्यक्रमहरु संचालन गरिनेछ।
- वन्य जन्तु नियन्त्रण तथा व्यवस्थापनका लागि योजना निर्माण गरी त्यस तर्फ विशेष ध्यान दिईने छ साथै सरकारी तथा सामुदायिक वनमा फलफूलका विरुवा लगाउने कार्य अगाडी बढाइने छ।
- वन पैदावार तथा जडीबुटीहरुको पहिचान गरी उच्चातम प्रयोग गर्ने नीति अवलम्वन गरिनेछ।
- कृषि तथा पशु विमा कार्यक्रम संचालनका लागि पहल गरिनेछ।

ख) सहकारी

- सहकारी संस्थाहरुसँग उत्पादन तथा बजारीकरण पूर्वाधार निर्माण तथा अन्य कार्यहरुमा सहकार्य र सहजीकरण गर्ने नीति लिइनेछ।
- वित्तिय साक्षरता कार्यक्रम सहकारी शिक्षा कार्यक्रम संचालन गरिनेछ। साथै सहकारी संस्थाहरुको क्षमता विकासमा जोड दिईनेछ।
- सहकारी संस्थाहरुको नियमित अनुगमन तथा मूल्याङ्कनमा विशेष प्राथमिकता दिइनेछ।

ग) उद्यम विकास

- उद्यम विकास कार्यक्रमलाई व्यवस्थित बनाउदै नयाँ उद्यमी श्रृजना, स्तरोन्नसती तथा प्रविधि हस्तान्तरणमा जोड दिइनेछ।
- वडा नं १ हुँगीमा निर्माणाधिन औद्योगिक ग्राम सञ्चालनमा ल्याइनेछ।

- काठ प्रशोधन उद्योग खानी उद्योगको संभाव्यता अध्ययन गर्ने कार्य अगाडी बढाइनेछ साथै संचालनका लागि सार्वजनिक निजि साझेदारीमा आधारीत नीति अवलम्वन गरिनेछ।
- **मेरो मातृभुमी मेरो दायित्व कार्यक्रम** अन्तर्गत विदेशवाट फर्किई वैदेशिक सिप परिचालन गरी स्वरोजगार हुन चाहने युवाहरूकोलागी **अध्यक्ष संग युवा स्वरोजगार** कार्यक्रमलाइ निरन्तरता दिइनेछ।

घ) **पर्यटन**

- रम्भा गाउँपालिका भित्र रहेका ऐतिहासिक धार्मिक एवं पर्यटकीय क्षेत्रहरुको विकासका लागि विशेष योजना वनाइ ती क्षेत्रहरुलाईपर्यटकिय गन्तव्य स्थलको रुपमा विकसित गर्ने नीति लिइनेछ।
- ग्रामीण पर्यटन प्रवर्द्धनका लागि संचालनमा रहेको रानिवास सामुदायिक होमस्टेलाई थप व्यवस्थित बनाई अन्य स्थानहरुको सम्भाव्यता अध्ययन गरी संचालनमा ल्याउने प्रकृया अगाडी बढाइनेछ।
- कालीगण्डकी नदी संरक्षण र सरसफाइ साथै यसको महिमालाई व्यापक प्रचार प्रसार गरी पर्यटक भित्र्याउन विशेष कार्यक्रम ल्याइनेछ।
- धार्मिक पैदल मार्ग, बाल उद्यान, पार्क तथा व्यायामशाला निर्माण तथा व्यवस्थापन गर्ने कार्य अगाडी बढाइनेछ।

२. सामाजिक विकास

क) **शिक्षा तथा खेलकुद**

- शिक्षालाइ समता, पहुँच र समृद्धिको आधारको रुपमा स्थापित गर्नको लागि **विद्यालयमा विद्यार्थी भित्र्याउने, सिकाउने, टिकाउने र विकाउने अभियानलाइ** निरन्तरता दिदैस्थानीय पाठ्यपुस्तक, विद्यार्थीसँग करेसाबारी, शिक्षक, कर्मचारी, विद्यार्थी दुर्घटना बिमा,विद्यालय नर्सिङ्ग, दिवाखाजा, अति रिक्त कक्षाएवं आवासिय विद्यालय कार्यक्रमलाई थप एवं प्रभावकारी बनाइनेछ।
- **संस्कार सहितको प्रविधिमैत्री गुणस्तरीय शिक्षाको** सुनिश्चितताको लागि बालबालिका र ज्येष्ठ नागरिकको विच अन्तरपुस्ता पुस्तान्तरण कार्यक्रम संचालन गरिनेछ।
- शैक्षिक तथ्याङ्कलाइ शुद्धिकरण गरी विश्वनसनिय बनाउनको लागि विद्यालयमा IEMIS हेर्ने शिक्षकलाई जिम्मेवार बनाउदै प्रोत्साहन र क्षमता विकास सहित शैक्षिक सुशासन सुनिश्चित गरिनेछ।
- गुणस्तरीय शिक्षा अभिवृद्धिका लागि विद्यालय व्यवस्थापन समितिको क्षमता विकास, विद्यालय अनुगमन, वैज्ञानिक परीक्षा प्रणाली समयानुकुल शिक्षक तालिम, उत्प्रेरणा, पुस्कार र प्रोत्साहन तथा अभिभावक परिचालनलाइ जोड दिदै अभिभावक शिक्षालाइ विस्तार गरिनेछ साथै साझेदार संस्थाहरुसँग समन्वय र सहकार्य समेत गरिनेछ।
- शिक्षा संग सिप अन्तर्गत **पढ्दै कमाउदै, कमाउदै पढ्दै कार्यक्रम**लाइ प्रभावकारी रुपमा संचालन गरि विद्यार्थीलाई मर्यादित श्रमसँग आवद्ध गरी विस्तार गरिनेछ।
- ई-लर्निङ, भर्चुअल कक्षा, खुला डिजिटल सामग्री, कृत्रिम बुद्धिमत्तामा आधारित सिकाइ प्रणाली विस्तार गर्ने र विद्यालय नक्सांकन, समायोजन, शिक्षक दरबन्दी मिलान तथा गुणस्तरीय सिकाई

सुनिश्चिगताका लागि शिक्षक बैंक स्थापना गरी कार्यान्वयनमा ल्याईनेछ।

- विपन्न, सीमान्तकृत, दलित, आदिवासी जनजाति, अपांगता भएका तथा पिछडिएका क्षेत्रका सबै बालबालिकाका लागि गुणस्तरीय शिक्षामा समान पहुँच सुनिश्चितताका लागि छात्रवृत्ति कार्यक्रमलाई प्रभावकारी बनाईने छ। प्राविधिकधारमा अध्यपन गर्ने विद्यार्थीका लागि विशेष व्यवस्था गरिनेछ।
- विद्यालय स्तरमा स्वास्थ्य र अनुशासनको लागि खेलकुदलाइ प्रबर्द्धन गर्न विद्यालय स्तरमा खेलकुद, विद्यालय स्काउटिङ, प्रतिभा पहिचान तथा आवश्यक तालिम कार्यक्रम सञ्चाभलन गरिनेछ साथै यस विधालाई व्यवस्थित एवं मर्यादित बनाउन विशेष कार्यक्रम ल्याईनेछ।
- **खेलकुद प्रति रूचि तथा प्रोत्साहन गर्न** संघ, प्रदेश वा जिल्लामा उत्कृष्ट हुने खेलाडीलाई विशेष पुरस्कारको व्यवस्था गरिनेछ।
- अभिभावक विहिन बालबालिकाको अभिभावकत्व ग्रहण गरी शिक्षा स्वास्थ्य तथा आधारभुत आवश्यकताको सुनिश्चिताता गरिनेछ।

ख) महिला बालबालिका तथा सामाजिक समावेशीकरण

- महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति, यौनिक अल्पसंख्यक लगायत सबै लक्षित समूहको आर्थिक, सामाजिक र राजनितिक शसक्तिकरणलाई उच्च प्राथमिकता दिइनेछ।
- आर्थिक, सामाजिक वञ्चितिकरणमा रहेका समूहलाइ सार्वजनिक प्रशासन तथा सरकारी सेवामा मूल प्रवाहीकरण गरी पहुँच सुनिश्चित गर्न सरकारी सेवा प्रवेशका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ।
- सबै प्रकारका लैंगिक हिंसामा शून्य सहनशीलता अपनाउदै सामाजिक सांस्कृतिक विभेद र हानिकारक अभ्यास अन्त्य गर्न सामाजिक रुपान्तरण अभियान संचालन गरिनेछ। हिंसा पीडित केन्द्रित सेवा प्रणाली सुदृढ गरी उद्धार, कानुनी सहायता, पुर्नःस्थापना र सामाजिक पुनःएकीकरणका कार्यक्रम संचालनका लागि अन्तर निकायसंग समन्वय गरिनेछ।
- मगर भाषाको थप अध्ययन एवं अनुसन्धान गरी संभावना भएका विद्यालयमा पठन पाठन शुरु गरिनेछ।
- रम्भा गाउँपालिका भित्र रहेका सवै प्रकारका कला संस्कति संरक्षणका साथै विभिन्नक प्रकारका पर्व, दिवसहरु मनाउने कार्य गरिनेछ।
- महिला, बालबालिका, दलित, जनजाति, अपांगता, युवा लगायत सम्पुर्ण लक्षित समुहको क्षमता विकास गरी स्वरोजगार तर्फ उन्मुख गर्नको लागि एकीकृत लक्षित विकास कार्यक्रम संचालन गरिनेछ।
- बालमैत्री स्थानीय शासनको दिगोपनाका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ।
- बालविवाह बालश्रम, लैङ्गिक हिंसा, साइबर सुरक्षा, डिजिटल साक्षरता तथा लागुपदार्थ दुर्व्यसनी अन्त्यका लागि बालक्लव तथा संजाललाइ परिचालन गरी जनचेतना, मनोपरामर्श, तथा कानुनी परामर्शका कार्यक्रमलाइ विस्तार गरिनेछ।
- महिला मैत्री, बालमैत्री, किशोरीमैत्री, अपांगता मैत्री वातावरण सुनिश्चितताको लागि क्षमता

विकास कार्यक्रम,विद्यालय र समुदायमा जनस्वास्थ्य तथा जनचेतनामुलक कार्यक्रम संचालन गरि भौतिक पूर्वाधार निर्माण तथा सार्वजनिक सेवा प्रवाहमा सबै वर्गको सहभागीताको सुनिश्चितता गरिनेछ।

- दिगो विकासको लक्ष्य ५ लैङ्गिक समानता प्राप्त गर्ने विषयलाई स्थानीयकरण गरि कार्यान्वयन गर्न आवश्यक कार्यक्रमहरु अगाढी वढाईनेछ।
- जातिय छुवाछुत जस्तो जघन्य अपराधमा शुन्य सहनशिलताको नीति अवलम्वन गरिनेछ।
- लक्षित वर्गहरुको नेतृत्व क्षमता विकासमा जोड दिइनेछ।

ग) **स्वास्थ्य तथा खाद्य स्वच्छता**

- पोषणमैत्री गाउँपालिका घोषणाका लागि आधारभुत संरचना तयार गर्नका लागि विशेष व्यवस्था गरिनेछ साथै सुत्केरी पोषण कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- गाउँपालिका भित्र संचालित स्वास्थ्य संस्थाको भौतिक व्यवस्थापन सुदृढ गरिनेछ।
- स्वस्थ गाउँपालिका, नागरिक आरोग्य अभियान मार्फत स्वास्थ्य प्रवर्द्धनका लागि नसर्ने तथा दीर्घ रोगहरुको स्क्रिनिङ, मानसिक स्वास्थ्य समस्या पहिचान, आत्महत्या न्युनिकरण तथा लागु औषध रोकथामका लागि जनचेतना विस्तार, तथा मनोपरामर्श कार्यक्रम संचालन तथा विस्तारमा जोड दिइनेछ।
- आधारभुत निःशुल्क स्वास्थ्य सेवामा सम्पुर्ण नागरिकको पहुँच सुनिश्चतताको लागि स्वास्थ्य संस्थाहरुमा आधारभुत औषधी तथा निःशुल्क ल्याब सेवालाइ निरन्तरता एवं थप प्रभावकारी बनाईनेछ।
- स्वास्थ्य सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउनको लागि महिला स्वास्थ्य स्वयं सेविका तथा स्वास्थ्य सेवाका कर्मचारीहरुको क्षमता विकास, प्रोत्साहन र उत्प्रेरणात्मक कार्यक्रम संचालन गरिनेछ।
- **मेरो स्वास्थ्य मेरो जिम्मेवारी कार्यक्रम** अन्तर्गत योग, ध्यान, साधना, पञ्चऔकर्म सरसफाइ, स्वस्थ जीवनशैली अवलम्बन र भान्सा सुधारका लागि जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ।
- विपद् तथा महामारी व्यवस्थापनका लागि स्वास्थ्य संस्था र विद्यालयहरुको पुर्व तयारी, प्रतिकार्य र पुनर्लाभको लागि संस्थागत क्षमता अभिवृद्धि गरिनेछ।
- तोकिएका लक्षित वर्गहरुलाई गर्दै आएको स्वास्थ्य विमा कार्यक्रमलाई निरन्तरता दिदै बीमा कार्यक्रममा आवद्ध हुन नसक्ने लक्षित समुहको लागि समेत विमा कार्यक्रममा समावेश गरिनेछ।
- स्वास्थ्य सहायता उपचार कोषलाई व्यवस्थित बनाई दिर्घ रोगीलाई दिदै आएको सेवा सुविधालाई थप प्रभावकारी बनाईनेछ।
- मातृ तथा सुत्केरी नवजात शिशुलाई मृत्युबाट बचाई राख्न आकस्मिक कोषको व्यवस्थापन गरिनेछ साथै एम्वुलेन्स सेवालाई प्रभावकारी बनाईनेछ।
- स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीलाइ गुणस्तरीय, व्यवस्थित, तथ्यपरक, तथा प्रविधिमैत्री बनाइनेछ।

- बाल मृत्युदर अन्त्य गर्नका लागि स्वर्ण विन्दु प्रासन जस्ता कार्यक्रम सञ्चोलनमा ल्याईनेछ।

घ) रोजगार कार्यक्रम

- गाउँपालिकामा सूचीकृत बेरोजगारको क्षमता विकास गरी स्थानीय उत्पादनमुलक कार्यमा सहभागी गराइनेछ।
- बेरोजागर युवा तथा बैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुको तथ्यारङ्क संकलन गर्ने तथा मागमा आधारित ३९० घण्टे उद्यमशिल तालिम संचालन एंव विउ पुँजी उपलब्ध गराइ स्वरोजगार बनाउदै लगिनेछ।
- युवाहरुलाइ नव प्रवर्तन तालिमको व्यवस्था गरी सीपलाई उद्यमशिलतासँग जोडिनेछ।
- लक्षित वर्गलाइ रोजगारीमा थप पहुँच वढाउन व्यावसायिक कृषि सिचाँइ खानेपानी पर्यटन पुर्वाधार जस्ता सार्वजनिक निर्माणका क्षेत्रहरूमा निजि क्षेत्र, गैरसरकारी र सहकारी संस्थाहरूसंग समन्वय गरिनेछ।
- स्थानीय श्रमबजार विश्लेषण, सीप तथा माग नक्सांकन, श्रम स्वीकीती, रोजगार परामर्श, Job matching, उद्यमशिलता प्रवर्धन तथा वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकहरुको लागि पुनः एकीकरण कार्यक्रम संचालन गरिनेछ।
- सामाजिक सुरक्षा कार्यक्रमलाइ थप प्रभावकारी र लाभग्राहीमैत्री पहुँच सुनिश्चितताको लागि वित्तिय संस्थासँग समन्वय गरी घरदैलोमै सामाजिक सुरक्षा भत्ता वितरण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।
- वैदेशिक बोर्डको कल्याणकारी कोषबाट प्राप्त हुने सहायता तथा सेवाहरु सहजै उपलब्ध गराउन रोजगार सेवा केन्द्रबाट निरन्तर सहजिकरण गरिनेछ।

ङ) सामाजिक सुरक्षा तथा पञ्जीसकरण

- व्यक्तिगत घटना दर्ता कार्यलाई छिटो छरितो र प्रभावकारी बनाइनेछ।
- जन्म मृत्यु विवाह बसाइसराई र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु समयमा दर्ता गर्न जनचेतना मूलक कार्यक्रम संचालन गरिनेछ।
- सबै वडाहरुमा अनलाइन व्यक्तिगत घटना दर्ता प्रणाली थप प्रभावकारी बनाउदै जन्म दर्ता संगै बालबालिकालाई राज्यका आधारभूत सेवामा पहुँच सुनिश्चिलत गरिनेछ।

३. पूर्वाधार विकास

क) सिंचाई

- स्थलगत सिंचाई, भूमिगत सिंचाई, थोपा सिंचाई, लिफ्ट सिंचाई तथा अन्य वैकल्पिक सिचाँई आयोजनाहरुलाई प्राथमिकता दिइनेछ।
- कालीगण्डकीबाट संभावना भएका हुँगी फाँट र पिपलडाँडाका विभिन्न फाँटका क्षेत्रहरुमा लिफ्टीङ्ग सिँचाई आयोजना संचालन तथा विस्तारमा जोड दिइनेछ।
- नदी कटान तथा भूक्षय नियन्त्रण गर्न विशेष कार्यक्रम ल्याइनेछ।
- वर्षातको पानी संकलन तथा व्यवस्थापन गर्ने कार्य अगाडी बढाइनेछ।

ख) विद्युत

- गुणस्तरीय विद्युत सेवा प्रवाहका लागि आवश्यक व्यवस्था मिलाईनेछ।
- अति विपन्नत नागरिकहरुका वत्ति जडान गर्न नसकेका घरमा विद्युतीकरणको व्यवस्थापन गरिनेछ।
- हाम्रो रम्भा उज्यालो रम्भा कार्यक्रम अगाडी बढाइनेछ।
- सामुदायिक विद्युतिकरण भएका क्षेत्रहरुलाई थप व्यवस्थित बनाइनेछ।

ग) भवन

- रम्भा गाउँपालिकाको प्रशासकीय भवन तथा स्वास्थ्य संस्थाहरुको भवनहरु निर्माणको कार्यलाई तिव्रता दिदै समयमा नै सम्पन्नक गर्न लगाईने छ।
- घर नक्सा पास तथा अभिलेखिकरण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।
- अधुरा रहेका आयोजना सम्पन्न गर्न उच्च प्राथमिकता दिइनेछ।
- भौतिक संरचना निर्माण गर्दा स्थानीय जनशक्ति तथा साधन श्रोतको उच्चरतम प्रयोग गर्ने नीति लिईने छ। साथै दिगोपन र वातावरण मैत्री बनाइनेछ।
- भवन निर्माण गर्दा बाल मैत्री, अपाङ्ग मैत्री तथा भूकम्प प्रतिरोधि बनाउन नीति अगिँकार गरिनेछ।
- घर नक्सा पास गरेरमात्र घर निर्माण गर्नको लागी प्रोत्साहन गर्न **घर विमा कार्यक्रम** लागु गरिनेछ।

घ) सडक

- सम्पूर्ण निर्माण कार्यमा ढुवाँनी दररेटलाई वैज्ञानिक एवं प्रभावकारी बनाउन पहल गरिनेछ।
- अत्यावश्यक र प्राविधक हिसावले उपयुक्त देखिएको बाहेक नयाँ ट्याक खोल्ने कार्यलाई पूर्ण रुपमा रोकी यस आर्थिक वर्षलाई **सडक स्तरउन्नती वर्षको** रूपमा लिइनेछ।
- सडकहरु बाह्रै महिना सुचारु गर्नका लागि सडक मर्मत कोषको व्यवस्थालाई प्रभावकारी बनाइनेछ। यसका लागि लेन्थमेनहरुको व्यवस्थालाई समेत थप्दैर लगिनेछ।
- सडकहरुलाई उत्पादन र बजारीकरणसँग जोड्ने नीति लिइनेछ साथै हरित सडक निर्माणमा जोड दिइनेछ।
- सवै वडाहरूमा कृषि सडकको पहुँच विस्तारमा जोड दिइनेछ।
- सडक तथा अन्य भौतिक संरचना निर्माण गर्दा दिगो र वातावरणमैत्री बनाउने नीति लिईनेछ।

ङ) खानेपानी तथा सरसफाई

- स्वच्छ पिउने पानी व्यवस्थापन गर्न बाँकी रहेका घरमा **एक घर एक धारा जडान** गर्ने कार्यलाई पूर्णता दिन आवश्यक पहल गरिनेछ साथै धारा निर्माण गर्दा बालमैत्री बनाइनेछ।
- वैज्ञानिक तरिकाले फोहोर मैला व्यवस्थापन तथा सार्वजनिक शौचालय निर्माण र प्रयोगमा विशेष ध्यान दिइनेछ।
- खानेपानीका मुलहरुको संरक्षण, गुणस्तर परीक्षण तथा सरसफाइ गर्ने कार्यमा जोड दिइनेछ।

- लिफ्टिङ्ग खानेपानीको न्यूनतम विद्युत महशुल भुक्तानी दिने व्यवस्थालाइ निरन्तरता दिइनेछ।

४. वन, वातावरण तथा विपद व्यवस्थापन

- हरियाली गाउँपालिका बनाउने नीति अवलम्वन गरिनेछ। यसका लागि सरोकारवालाहरुसँग सहकार्य गरिनेछ।
- सामुदायिक वन व्यवस्थापन र उपयोग सम्बन्धी कानूनी सचेतना कार्यक्रम संचालन गरिनेछ।
- बहुमुल्य विरुवा लगाउने कार्य अगाडी बढाइनेछ। साथै विपद सम्बन्धी जनचेतना मुलक कार्यक्रम संचालन गरिनेछ।
- विपद प्रतिकार्य योजनालाई प्रभावकारी ढंगले लागु गरिनेछ। साथै विपद व्यवस्थापन कोषलाई थप व्यवस्थित बनाईनेछ।
- आपतकालिन सेवा संचालन गर्न QRT लाई थप व्यवस्थित एवं प्रभावकारी बनाईनेछ।
- जोखिमयुक्त वस्तीहरुको पहिचान गरी उक्त वस्तीहरुलाई व्यवस्थित बनाउन विशेष पहल गरिनेछ।
- विपद जन्य घटना संरक्षणर्थ खुल्ला क्षेत्रहरुको संरक्षण गरिनेछ।

५. संस्थागत विकास तथा सुशासन

- आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुत बनाउदै बेरुजू फछ्र्यौटलाई तिव्रता दिईनेछ र आर्थिक पारदर्शिताका लागि शुन्य बेरुजू बनाउने नीति लिइनेछ।
- पारदर्शिता जवाफदेहिता तथा गुणस्तरीय सेवाप्रवाहमा विशेष जोड दिईनेछ।
- आवश्यक सूचना तथा जानकारीहरुमा सबै नागरिकको पहुँचको सुनिर्श्चितता गरिनेछ यसका लागि प्रगति प्रतिवेदन सार्वजनिकिकरण सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई पत्रकार भेटघाट कार्यक्रम गरिनेछ।
- आन्तरिक आम्दानीलाई सुद्धढ बनाउन करको दायरा फराकिलो पारिने छ। साथै राजश्व सुधार योजना अद्यावधिक गरी कार्यान्वयनमा ल्याईनेछ।
- भूमि समस्या समाधान गर्न सम्बन्धित निकायसँग आवश्यक पहल गरिनेछ।
- सघीय सरकारको समन्वयमा सार्वजनिक जग्गाको संरक्षण गर्ने कार्यमा जोड दिइनेछ।
- जनप्रतिनिधी तथा कर्मचारीहरुको क्षमता विकासका लागि तालिम, अवलोकन भ्रमण, वृत्ति विकासका अवसर, सामाजिक सुरक्षा कोषमा आवद्धता सेवा सुविधामा समयानुकुल व्यवस्थापन तथा पेशा र जिम्मेवारी प्रति थप प्रतिवद्ध बनाउन कार्य सम्पादनका आधारमा सम्मान पुरस्कारको व्यवस्था मिलाइनेछ।
- घर बास विहिन नागरिकहरुको आवासको सुनिश्चिनतताका लागि घरबास कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- शान्ती सु-व्यवस्था कायम गर्न, सडक दुर्घटना र जोखिमपूर्ण यात्रालाई निरुत्साहित गर्न विशेष योजना ल्याइने छ साथै हलुका सवारी साधनको भाडा दरलाई थप व्यवस्थित गराईनेछ।
- उपभोक्ता समितिहरुलाईयोजना तथा कार्यक्रम संचालनमा आवश्यक सहजीकरण गरिनेछ। साथै उत्कृष्ट काम गर्ने उपभोक्ता समिति तथा निर्माण व्यसायिलाई सम्मान गरिनेछ।
- टोल विकास संस्थाहरुको संस्थागत विकास गर्दै उत्पादनसँग जोडिनेछ र संस्थाहरुको परिचालन

सहभागीता र सहकार्यलाई जोड दिइनेछ । साथै गैर सरकारी संस्थासँग लागत साझेदारी गर्ने नीति लिइनेछ।

- नागरीकको न्यायमा सहज पहुच सुनिश्चत गर्नको लागी गाउँपालिकाको न्यायिक समितिलाइ थप व्यवस्थित गरिनेछ साथै वडावाट नै मेलमिलापको माध्यमवाट न्यायिक निरूपण होस भन्ने हेतुले वडामा रहेका मेलमिलापकर्ताको क्षमता विकास परिचालन तथा नियमित कार्य्रकम संचालन गरिनेछ साथै समाजलाई सुरक्षित मर्यादितर न्यायपूर्ण बनाउन हिंसा विरुद्ध शुन्य सहनसिलताको नीति अवलम्वन गरिनेछ । साथै न्यायिक प्रक्रियालाइ पारदर्शी र प्रविधिमैत्री वनाउदै उजुरी दर्ता, सुनुवाइ र निर्णयको व्यवस्थित अभिलेखीकरण गरिनेछ।
- हामीले तिरेको कर हाम्रो विकासका लागि हो भन्नेत जन भावना जागृत गराउन कर दाता शिक्षा कार्यक्रम संचालन गरिनेछ । साथै सम्पूर्ण व्यवसायिहरुलाई अनिवार्यरुपमा व्यवसाय दर्ता तथा नविकरण गर्न आकर्षित गरिनेछ।
- खाद्य सुरक्षा सुनिश्चाततताका लागि बजार अनुगमनलाई थप प्रभाकारी बनाइने छ।
- करदाता मैत्री नीति अवलम्वन गर्दै डिजिटल माध्यमवाट कर भुक्तानी गर्ने प्रणालीलाइ थप व्यवस्थित गरिनेछ।
- "**जनताको घरमै पालिका**" अभियान अन्तर्गत डिजिटल सेवा प्रणाली, **e–Governance, GIS** मा आधारित योजना व्यवस्थापन तथा कबचत ब्नचष्अगतिगचभकार्यक्रम चरणबद्ध रूपमा कार्यान्वयन गरिनेछ।
- रम्भा गाउँपालिकालाई सूचना प्रविधि र कृत्रिम बुद्धिमत्तामा (AI) आधारित स्मार्ट ग्रामीण पालिकाको रूपमा विकास गर्दै कृषि, पशुपालन, पर्यटन, शिक्षा,स्वास्थ्य तथा सेवा प्रवाहलाई डिजिटल माध्यमबाट प्रभावकारी, पारदर्शी र नागरिकमैत्री बनाइनेछ।
- ४० वर्ष भन्दा माथीका लाई अनौपचारिक प्राविधिक शिक्षा कार्यक्रम ल्याइनेछ।
- कागजी कामलाइ न्युनीकरण गर्दै इ-गभर्नेन्स, अनलाइन फाइल ट्र्याकिङ र डिजिटल अभिलेख व्यवस्थापन प्रणाली स्थापना गरिनेछ। सेवाग्राहीहरूलाइ छिटो छरितो सेवा दिन एकद्वार प्रणाली अवलम्वन गरिनेछ।
- सबैको साथ, सहयोग,सहकार्य र सामुहिक प्रयत्न द्वारा यस नीति तथा कार्यक्रममा अन्तर्निहित उद्देश्यहरु प्राप्त गर्न सकिन्छ भन्ने विश्वास लिएको छु। स्थानीय आवश्यकताको परिपूर्ति, उत्पादन र उत्पादकत्वको अभिवृद्धि,सीप विकास र क्षमता विकास, रोजगारी सिर्जना, गुणस्तरीय शिक्षा र स्वास्थ्यको प्रवर्द्धन, लगानी मैत्री वातावरणको निर्माण, उद्योग तथा व्यवसायको विकास, गुणस्तरीय सेवा प्रवाह, नागरिक सन्तुष्टिमा वृद्धि, आन्तरिक पर्यटन प्रवर्द्धन, विपद व्यवस्थापन जस्ता विषयलाई प्राथमिकतामा राखि प्रस्तुत नीति तथा कार्यक्रमको कार्यान्वयनमा सबैपक्षवाट सकारात्मक र रचनात्मक सहयोग हुनेछ भन्ने विश्वास व्यक्त गर्दछु।
- अन्त्यमा, यस रम्भा गाउँपालिकाको आ.व ०८३।८४ को लागि नीति तथा कार्यक्रम तयार गर्न आफ्नो अमूल्य राय सुझाव तथा सल्लाह प्रदान गर्नुहुने सम्पूर्ण जनप्रतिनिधीहरु, राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, शिक्षक, नागरिक समाज, पत्रकार जगत लगायत सम्पूर्ण रम्भावासी व्यक्तित्वहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

रम्भा गाउँपालिका आ.व.०८३।८४ को बजेट वक्तव्य

गाउँ सभाका श्रद्धेय अध्यक्ष ज्यू,

सभाका सदस्य ज्यूहरु,

१. नेपालको संविधानको धारा २३० तथा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७१ मा भएको व्यवस्था बमोजिम यस गरिमामय गाउँसभामा रम्भा गाउँपालिकाको आर्थिक वर्ष २०८३।०८४ को अनुमानित वार्षिक आय र व्ययको विवरणप्रस्तुत गर्न उपस्थित भएको छु।

२. यस अवसरमा नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधिनता र स्वाभिमानको रक्षाका साथै राष्ट्रियता, लोकतन्त्र र समग्र परिवर्तनका लागि विभिन्न कालखण्डमा भएका राजनीतिक क्रान्ति, संघर्ष र आन्दोलनमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने वीरशहिदहरुप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछुसाथै घाइते, अपाङ्ग, शहिद परिवार, बेपत्ता नागरिक र तिनका परिवारजनमा हार्दिक सम्मान व्यक्त गर्दछु।

३. जनताको मन मस्तिस्कले छुने,देख्ने तथा अनुभूत गर्ने, जनताको समस्यासँग सबैभन्दा नजिक र प्रत्यक्ष सरोकार राख्ने स्थानीय सरकारको हो । स्थानीय सरकारले नागरिकहरुको घर आँगनमा पुगेर सेवा दिने र समस्याहरुको नजिकबाट अवलोकन र सम्बोधन समेत गर्ने भएकाले सरकारको वास्तविक उपस्थिती समेत दिलाएको हुन्छ।

४. तसर्थः स्वास्थ्य र शिक्षा क्षेत्रको गुणात्मक विकास, कृषि र पशु विकास क्षेत्रमा व्यवसायिकरण, पर्यटन प्रवर्द्धन, उद्योग व्यवसायको सवलिकरण, उद्यमशिलताको विकास गरि रोजगारी सिर्जना, गुणस्तरीय पूर्वाधार निर्माण तथा समग्र सेवा प्रवाह प्रणालीलाई छिटो, छरितो, सिघ्र, चुस्त, दुरुस्त र जनमैत्री वनाई नागरिक सन्तुष्टि अभिवृद्धि मार्फत् "**रम्भा गाउँपालिकाको शान सुखी रम्भावासी समृद्ध हाम्रो अभियान**" लाई केन्द्रित गरी आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम केन्द्रित गरेको छु।

५. यो बजेट निर्माण गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, रम्भा गाउँपालिकाको आवाधिक योजना, ऐन, नियम, कार्यविधीहरु, गाउँपालिकाले लिएका लक्ष्यहरु, गाउँपालिकाको नीति तथा कार्यक्रम, विषयगत समितिका सुझाव, रम्भावासीहरूको सुझाव चाहना आवश्यकतार विज्ञहरुका सुझावपरामर्श र सर्वपक्षिय/सर्वदलीय अन्तरक्रिया समेतलाई ध्यानमा राखेको छु।

आदरणीय सभाध्यक्ष महोदय,

सभाका सम्पुर्ण सभा सदस्य ज्युहरू

६. अब म रम्भा गाउँपालिकाको आर्थिक बर्ष २०८३।८४ को बजेटका उद्देश्य तथा प्राथमिकताका क्षेत्रहरुप्रस्तुत गर्ने अनुमति चाहान्छु।

बजेटका उद्देश्यहरु

क) उत्पादन र उत्पादकत्व अभिवृद्धि मार्फत् आर्थिक विकास हासिल गर्नु।

ख) उद्योग व्यवसायको प्रवर्द्धन मार्फत् रोजगारी सिर्जना गर्नु।

ग) शिक्षा र स्वास्थ्य क्षेत्रको गुणात्मक विकास गर्नु।

घ) गुणस्तरीय र दिगो पूर्वाधार विकास गर्नु।
ङ) आधुनिक प्रविधिमैत्री सेवा प्रवाह र सुशासनयुक्त गाउँपालिका निर्माण गर्नु।

बजेटका प्राथमिकताका क्षेत्रहरु

क) कृषि तथा पशु विकास क्षेत्रको व्यवसायिकरण मार्फत् आर्थिक विकास,
ख) स्वास्थ्य, शिक्षा र खानेपानी तथा सरसफाई क्षेत्रको गुणात्मकता अभिवृद्धि तथा सामाजिक विकास,
ग) गुणस्तरीय पूर्वाधार निर्माण,
घ) जनमैत्री, प्रविधि मैत्री सेवा प्रवाह र सुशासन प्रवर्द्धन,
ङ) पर्यटन क्षेत्रको प्रर्वद्न र विकास
च) उद्योग, व्यवसायी र उद्यमी प्रवर्द्धन तथा प्रोत्साहन,
छ) भाषा, कला, साहित्य र संस्कृतिको संरक्षण तथा प्रवर्द्धन,
ज) सामाजिक सुरक्षा,
झ) वन तथा वातावरण संरक्षण र प्रभावकारी विपद व्यवस्थापन,

आदरणीय सभाध्यक्ष ज्यु
सभाका सम्पुर्ण सभा सदस्य ज्युहरू,

७. अब म यस गरिमाय सभा समक्ष रम्भा गाउँपालिकाको **चालु आ.व. ०८२।८३** को यथार्थ आय-व्यय र ०८२।८३ को संसोधित आय र व्ययको अनुमानित विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु।

८. चालु आ.व. ०८२।८३को लागी संघीय सरकार अनुदान, लुम्बिनी प्रदेश सरकार अनुदान, वित्तीय व्यवस्थापन र आन्तरिक श्रोत गरी जम्मा रु. ६२ **करोड ६५ लाख ३६ हजार ६ सय ६३ रुपैया आम्दानी प्राप्त** भएको थियो ।

९. जसअन्तर्गत कूल विनियोजित मध्ये **चालु खर्च तर्फ** रु. **३६ करोड ७९ लाख ६९ हजार ३ सय ५९ रुपैया** भने पुँजीगत खर्चतर्फ रु. **२५ करोड ८५ लाख ६७ हजार ३ सय ४ रूपैया** विनियोजन गरिएको थियो।

१०. जसअन्तर्गत चालु आ.व. ०८२।८३ मा स्विकृत विनियोजन बजेट मध्ये यो बजेट तयार पार्दा सम्म **चालु खर्च तर्फ** रु. **२४ करोड १० लाख २९ हजार ७ सय १० रुपैया अर्थात ६५.०५** प्रतिशत त्यसैगरी **पुँजीगत खर्च तर्फ** रु. **१८ करोड २३ लाख २७ हजार ७ सय २६रुपैया अर्थात ७०.५१ प्रतिशत** गरी समग्रमा हाल सम्म जम्मा रु. **४२ करोड ३३ लाख ५७ हजार ४ सय ३६ रुपैया अर्थात ६७.५७ प्रतिशत वित्तिय प्रगति** भएको यस सम्मानित सभा समक्ष जानकारी गराउन चाहन्छु।

११. **चालु आ.व. ०८२।८३** को पुर्ण यथार्थ आय र व्ययको विवरण चालु आ.व. समाप्त भैसके पश्चात सार्वजनिक गर्ने व्यवस्था मिलाउनेछु।

आदरणीय सभाध्यक्ष ज्यु,
सभाका सम्पुर्ण सभा सदस्य ज्युहरू

१२. अब म आर्थिक बर्ष २०८३।८४ को अनुमानित वार्षिक **आय र व्ययको विवरण** प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१३. आगामी आर्थिक बर्ष २०८३।८४को लागी **आय तर्फ** संघीय सरकार वित्तिय समानीकरण अनुदान तर्फ **८ करोड ७८ लाख**, संघीय सरकार राजश्व बाडफाँडबाट प्राप्तहुने रु. **७ करोड ९८ लाख ८१ हजार** रुपैँया प्राप्त भएको छ।

१४. त्यसै गरी संघीय सरकार सशर्त चालु अनुदान रु. **२३ करोड ३८ लाख**, संघीय सरकार सशर्त पूँजीगत अनुदान रू **२ करोड २५ लाख**, संघीय सरकार विशेष अनुदान रू **२ करोड ७५ लाख**, संघीय सरकार समपुरक अनुदान रु.**२४ लाख**, गरी संघीय सरकार संघीय सरकारबाट जम्मा रु. **२८ करोड ६२ लाख रुपैँया आय** हुने अनुमान गरेको छु।

१५. त्यस्तै गरी लुम्बिनी **प्रदेश सरकार वित्तिय समानीकरण अनुदान**तर्फ रु.**६० लाख ८ हजार**, लुम्बिनी प्रदेश सरकार सवारी साधन कर बाँडफाँड तर्फ रु. **८६ लाख ९४ हजार**, लुम्बिनी प्रदेश सरकार सशर्त अनुदान चालु तर्फ रु. **२० लाख**, लुम्बिनी प्रदेश सरकार सशर्त अनुदान पूँजीगत तर्फ रु. **१ करोड**, लुम्बिनी प्रदेश सरकार विशेष अनुदान तर्फ रु **२० लाख** र प्रदेश सरकार समपुरक अनुदान रु **७५ लाख** गरी प्रदेश सरकारबाट जम्मा रु. **३ करोड ६२ लाख २ हजार** आय अनुमान गरेको छु।

१६. त्यसै गरी यस रम्भा गाउँपालिकाको आन्तरिक **आय रु. १ करोड ४० लाख** र आ.व २०८२।८३ मा बचत हुन सक्ने **अल्या रु. २ करोड ४५ लाख रुपैयाँ** गरी जम्मा रु. **३ करोड ४० लाख** आय अनुमान गरी रम्भा गाउँपालिकाको कुल आय रु. **५२ करोड ८१ लाख ८३ हजार रूपैँया** अनुमान गरेको छु।

१७. **त्यसै गरी व्यय तर्फ**कोआगामी आर्थिक वर्षमा चालु तर्फ रू. **३५ करोड ९२ लाख ७३ हजार रुपैँया अर्थात ६८.०३ प्रतिशत** तथा पूँजीगत खर्च तर्फ रू.**१६ करोड ८९ लाख १० हजार रुपैँया अर्थात ३१.९७ प्रतिशत** गरी जम्मा रु. **५२ करोड ४० लाख ८३ हजार रूपैँया** व्यय तर्फ विनियोजन गरेको छु।

१८. कृषि तथा पशु क्षेत्रको विकास, सिँचाई क्षेत्रको विस्तार, उद्योग तथा पर्यटन प्रवर्द्धन र सहकारी क्षेत्रको सवलिकरण मार्फत् रोजगारी सृजना र गरिबी निवारण गरी रम्भाबासीको मर्यादित र सम्मानित जिवनयापनको लागि **आर्थिक विकास तर्फ रु. ५ करोड १७ लाख १२ हजार रुपैँया अर्थात** ९.७९ प्रतिशत विनियोजन गरेको छु।

१९. गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा प्रवर्द्धन, स्वच्छ खानेपानी व्यवस्थापन र सरसफाई, भाषा, कला र संस्कृतिको संरक्षण संवर्द्धन तथा **सामाजिक समावेशीकरण मार्फत् समतामूलक रम्भा गाउँपालिका निर्माणको लागि सामाजिक विकास तर्फ रु. २९ करोड ७६ लाख ८६ हजार रूपैँया अर्थात ५६.३६ प्रतिशत** विनियोजन गरेको छु।

२०. सुलभ, सन्तुलित, सुरक्षित, गुणस्तरीय एवं दिगो पूर्वाधार निर्माण मार्फत् जनताको सहज जनजिविकाको लागि **पूर्वाधार विकास तर्फ ७ करोड ७८ लाख ४५ हजार रुपैँया अर्थात** १४.७४ **प्रतिशत** विनियोजन गरेको छु।

२१. वन, वातावरण तथा जलाधार संरक्षण, जलवायु अनुकूलन, प्रकोप नियन्त्रण र विपद् व्यवस्थापन मार्फत जैविक विविधता संरक्षण तथा मानव संशाधन विकास, श्रम तथा रोजगारी, प्रशासकीय सुशासन, कानून तथा न्याय तथा वित्तिय **सुशासन कायम गर्न सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र तर्फ रु. १ करोड ५ लाख ५० हजार रुपैँया अर्थात** २ प्रतिशत विनियोजन गरेको छु।

२२. सेवा प्रवाहलाई छिटो, छरितो, चुस्त, दुरुस्त, पारदर्शि, मितव्ययी, प्रभावकारी र सेवामुखी बनाई नागरिक सन्तुष्टि अभिवृद्धि गर्न **कार्यालय संचालन तथा प्रशासन**तर्फ रु.९ **करोड३ लाख ९० हजार** रुपैँया अर्थात १७.११ प्रतिशत विनियोजन गरेको छु।

आदरणीय सभाध्यक्ष ज्यु,

सभाका सम्पुर्ण सभा सदस्य ज्युहरू

अब म रम्भा गाउँपालिका आ.व २०८३।०८४ विनियोजन तर्फको मुख्य मुख्य अंश प्रस्तुत गर्ने अनुमति चाहान्छु।

१. **उधमशिलता र रोजगारी तथा खाध्य सुरक्षालाई** सुनिश्चित गरी कृषिलाई व्यावसायमुखि वनाउदै रोजगार सृजन गर्ने कार्यक्रमकोलागी संघिय सरकारको समन्वयमा **रू १ करोड ७५ लाख रूपैया बजेट** विनियोजन गरेको छु।

२. कृषि तथा पशुजन्य उत्पादनलाइ प्रोत्साहन गर्न उत्पादनमा **आधारीत अनुदान कार्य्रकम संचालन** गर्नको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

३. कृषकहरूले उत्पादन गरेका कृषिजन्य उत्पादनहरूलाइ वजारीकरण गर्नकोलागी **कृषि एम्वुलेन्स संचालन कार्यक्रम** निरन्तरताको लागी आवश्यक बजेट विनियोजन गरेको छु।

४. कृषकहरूलाइ कृषि उत्पादनमा प्रोत्साहन गर्ने उद्देश्यका साथ **हल गोरू प्रोत्साहन कार्यक्रम संचालन** गर्नको लागी आवश्यक बजेट विनियोजन गरिएको छ।

५. रम्भा गाउँपालिका अन्तर्गत सामुदायिक विद्यालयमा कक्षा ६ देखी ९ सम्म दिदै आएको दिवा खाजालाई विस्तार गरी **कक्षा १० सम्म अध्ययन गर्ने विधार्थीहरूलाइ समेत दिवा खाजाको लागी** आवश्यक वजेट व्यवस्था गरेको छु।

६. **अभिवाभावक विहिन वालवालिकाहरूको लागी अभिवाभकत्व ग्रहण कार्यक्रमको लागी** आवश्यक बजेट व्यवस्था गरेको छु।

७. विद्यालयहरूमा शैक्षिक पठनपाठनमा नियमितता प्रदान गर्न **शिक्षक बैंक** स्थापनाको लागी आवश्यक बजेट व्यवस्था गरेको छु।

८. **BLE, SEE र S.L.C** नतिजा सुधार कार्यक्रमकोलागी आवश्यक बजेट व्यवस्था गरेको छु।

९. रम्भा गाउँपालिकाको समग्र **शैक्षिक गुणस्तर अभिवृद्धी र नतिजा सुधारको लागि** विभिन्न कार्यक्रम संचालनको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१०. "**स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद**" भन्ने राष्ट्रिय नारालाई आत्मसात गर्दै विद्यार्थीहरुको खेल प्रतिको रुची अभिवृद्धि गर्न राष्ट्रपती रनिङ्गशिल्ड प्रतियोगिता कार्यक्रमलाई थप व्यवस्थित रुपमा संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

११. रम्भा गाउँपालिका भित्र रहेका खेलाडिहरुको प्रतिभा पहिचान गरी राष्ट्रिय स्तरमा परिचित गराउने र युवाहरुलाई खेल प्रति आकर्षित गर्ने उद्देश्यले **अध्यक्षकप खेलकुद प्रतियोगिता तथा वडा स्तरीय खेलकुद प्रतियोगीता** संचालनको लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

१२. रम्भा गाउँपालिका भित्रका कृषि/**पशु प्राविधिक स्नातक तह पढ्न चाहने जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ती** प्रदान गर्न आवश्यक वजेट विनियोजन गरेको छु।

१३. आधारभूत र माध्यमिक तहका विषयगत **शिक्षकहरुको क्षमता अभिवृद्धि गरि नतिजा** सुधार गर्न तालिम संचालनको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

१४. संघिय सरकारको समन्वयमा **साना हुँगी माध्यमिक विद्यालय कम्पाउण्ड वाल तथा खेल मैदान** निर्माणको लागी लागि रु. १ **करोड बजेट विनियोजनको** व्यवस्था मिलाएको छु।

१५. रम्भा गाउँपालिकाको रम्भावासीको स्वास्थ्यप्रतिको दायित्वर्ला आत्मासात गर्दै आ.व. ०८२।८३ देखी शुरू भएको **निशुल्क रक्त सेवा प्रवाह तथा निशुल्क मोतिया विन्दुको शल्यक्रिया कार्यक्रम** निरन्तरता दिइ उक्त कार्यक्रम संचालन गर्नको लागी आवश्यक बजेट विनियोजन गरेको छु।

१६. **फोक्सिङकोट स्वास्थ्य चौकि भवन निर्माण** आ.व.०८३।८४ मा पुर्णरूपमा सम्पन्न गर्ने गरी प्रदेश सरकार र रम्भा गाउँपालिकाको समन्वयमा **रू ७३ लाख बजेट** विनियोजन गरेको छु।

१७. रम्भा गाउँपालिका वडा नं **५ ताहुँमा निर्माणाधिन १५ शैया अस्पताल** पुर्णरूपमा सम्पन्न गर्ने गरी संघिय सरकार संगको समन्वयमा रू १ करोड ९५ लाख रूपैया बजेट विनियोजन गरेको छु।

१८. गर्भवती तथा सुत्केरी महिलाहरुको पोषण सुनिश्चितताको लागि **गर्भवती र सुत्केरी** उपाध्यक्षसंग कार्यक्रम निरन्तरताको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१९. महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुको **सम्मानजनक विदाई, र अवलोकन भ्रमण कार्यक्रमको** लागि आवश्यक रकम विनियोजन गरेको छु।

२०. स्वास्थ्य संस्थाहरुबाट संघीय सरकारले तोकेको औषधी बाहेक थप औषधी निःशुल्कऔषधी वितरणको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

२१. **मेरो स्वास्थ्य मेरो दायित्व कार्यक्रम अन्तर्गत** योग अभ्यास तथा व्यायाम संचालन गरि निरोगिता प्रवर्द्धन भान्सा सुधार ,स्वर्ण विन्दुप्राशन कार्यक्रमसंचालन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

२२. **ग्रामीण पर्यटन प्रवर्द्धनका लागि संचालनमा रहेको रानिवास सामुदायिक होमस्टे**लाई थप व्यवस्थित बनाई अन्य स्थानहरुको समेत सम्भाव्यता अध्ययन गर्नको लागीआवश्यक बजेट व्यवस्था गरेको छु।

२३. **महिला, बालबालिका, दलित, जनजाति, अपांगता, युवा लगायत सम्पुर्ण लक्षित समुहको क्षमता** विकास गरी स्वरोजगार तर्फ उन्मुख गर्नको लागि एकीकृत लक्षित विकास कार्यक्रम संचालनआवश्यक बजेट व्यवस्था गरेको छु।

२४. **बालमैत्री स्थानीय शासनको दिगोपनाका लागि आवश्यक कार्यक्रम** संचालन प्रदेश सरकारको समन्वयमा रू १० लाख रूपैया वजेट विनियोजन गरेको छु।

२५. समाजमा वढ्दै गईरहेको नकारात्मक सोच तथा सामाजिक विकृति हटाउन सचेतनामूलक कार्यक्रम संचालनको लागि आवश्यक वजेट व्यवस्था गरेको छु।

२६. **मेरो मातृभुमी मेरो दायित्व कार्यक्रम**अन्तर्गत विदेशवाट फर्केका युवाहरूको पुजी र सिपलाइ आफ्नो जन्मभुमिमा प्रयोग गरी व्यवसायमा आकर्षित गर्नकोलागी **अध्यक्ष संग युवा कार्यक्रम** संचालनको लागी

आवश्यक बजेट व्यवस्थापन गरेको छु।

२७. रम्भा गाउँपालिकामा स्वरोजगार हुन चाहने व्यवासायीहरूलाई मध्यनजर राख्दै व्यावसायीक योजनाको आधारमा बैकसंग समन्वय गरी **सहुलियतपुर्ण व्याज अनुदान कार्यक्रम**को लागी आवश्यक बजेटको व्यवस्था गरेको छु।

२८. युवाहरूको सिप जागर र जोशलाइ विकास संग जोडिने गरी **युवाहरूको क्षमता विकास कार्यक्रम** संचालनको लागी आवश्यक वजेटको व्यवस्था मिलाएको छु।

२९. रम्भा गाउँपालिका अन्तर्गतका ५ वटै वडाहरूमा बजेटका ५ वटा प्राथमिकता क्षेत्रहरूमा योजना तथा कार्यक्रम तर्जुमा गर्ने गरी स्विकृत स्रोत अनुमान तथा सीमा निर्धारण समितिको बजेट सिलिङका आधारमा **२ करोड १५ लाख बजेट** विनियोजन गरेको छु।

३०. रम्भा गाउँपालिकाको **प्रशासनिक भवन निर्माण सम्पन्न गर्ने उच्च प्राथमिकता दिइ रू १ करोड ५ लाख बजेट विनियोजन** गरेको छु।

३१. संघिय समपुरक अनुदान अन्तर्गत रू २४ लाख र रम्भा गाउँपालिकाको १६ लाख गरी **लसुने ओमभन्ज्याङ देउराली मो.वा. पहुँच मार्ग निर्माणको लागी रू ४० लाख बजेटको** व्यवस्था मिलाएको छु।

३२. लुम्बिनी प्रदेश शर्सत अनुदान मार्फत **हुँगी फाँट सिचाँइ कुलो अधुरो सिँचाइ योजना निर्माणको लागि रु ८ लाख तथा ढावा खेत पहिरो नियन्त्रण योजना रम्भा १ योजना निर्माणको लागी रु १० लाख बजेट** व्यवस्था मिलाएको छु।

३३. यसै गरी लुम्बिनी प्रदेश सरकारसंगको समन्वयमा **रम्भा २ गावुडाँडा खानेपानी योजना निर्माण गर्न रु ८ लाख रूपैया बजेट** व्यवस्था मिलाएको छु।

३४. यसैगरी लुम्बिनी प्रदेश सरकारसंगको समन्वयमा **वडा नं. ३ सोह्रविसे कृषि सडक निर्माणको लागी रु ९ लाखतथा घाङ्चा छाङगा खानेपानी निर्माण योजनाको लागी रू ८ लाख** रूपैया बजेट व्यवस्था मिलाएको छु।

३५. यसैगरी लुम्बिनी प्रदेश सरकारसंगको समन्वयमा **वडा नं. ४ लोहरेङ वेरौटा सिरूघाट वाँसकाटे सिँचाइ योजनाको लागि रु ८ लाख** बजेट व्यवस्था मिलाएको छु।

३६. यसैगरी लुम्बिनी प्रदेश सरकार समपुरक योजना अन्तर्गत **वडा नं १ हुँगीघाट पक्कि पुल देखी देउराली कुवा जोडने मो.वा निर्माण योजनाको लागी लुम्बिनी प्रदेश सरकारतर्फबाट ७५ लाख र रम्भा गाउँपालिका ७५ लाख गरी जम्मा रू १ करोड ५० लाख** बजेट व्यवस्था मिलाएको छु।

३७. विपदले निम्त्याउन सक्ने जोखिम न्युनिकरण तथा रोकथाम गर्नको लागी आवश्यक बजेट व्यवस्था गरेको छु।

३८. रम्भा गाउँपालिकाको सामाजिक तथा सांस्कृतिक रहनसहन, कला, संस्कृति, भेषभुषा, परम्परा तथा विशिष्ठतालाई **संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्न** आवश्यक बजेट व्यवस्था गरेको छु।

३९. महिला, दलित, जनजाती लगायत लक्षित वर्गहरुलाई विभिन्न **सीपमूलक, रोजगारमूलक र आयमुलक कार्यक्रममा** संलग्न गराई आत्मनिर्भरता तर्फ उन्मूख गर्न गराउन आवश्यक बजेट विनियोजन गरेको छु।

४०. हरेक क्षेत्रमा महिलाहरुको पहुँच अभिवृद्धि गर्न **महिला नेतृत्व र क्षमता विकासका कार्यक्रम** सञ्चालिन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

आदरणीय सभाध्यक्ष ज्यू,
सभाका सम्पुर्ण सदस्य ज्यूहरु

४१. रम्भा गाउँपालिकालाई सूचना प्रविधि र कृत्रिम बुद्धिमत्तामा (AI) आधारित स्मार्ट ग्रामीण पालिकाको रूपमा विकास गरी कार्यालयवाट प्रवाह हुने सुचना प्रणालीहरूलाइ **एकिकृत गरी सेवा प्रवाहलाई सरल सहज र चुस्त** बनाउनको लागी आवश्यक बजेट विनियोजन गरेको छु।

४२. रम्भा गाउँपालिकाको डिजिटल प्रोफाइललाइ समय सान्दर्भिक अद्दावधिक गर्नकोलागी आवश्यक बजेट विनियोजन गरेको छु।

आदरणीय सभाध्यक्ष महोदय,
सभाका सम्पुर्ण सभा सदस्य ज्युहरू

बजेट तथा कार्यक्रमको पूर्णपाठ विनियोजन विधियक स्विकृत भए पश्चात राख्ने व्यवस्था मिलाएको छु।

बजेट कार्यान्वयन

४३. बजेट कार्यान्वयनको तालिका बनाई चौमासिक लक्ष्य अनुसार कार्यक्रम कार्यान्वयनमा जोड दिइनेछ।

४४. आयोजनाहरुको अनुगमन प्रणालीलाई कार्यान्वयनको चरण र सम्पन्नको चरणमा गर्ने पद्धती बाट आयोजनाहरुको गुणस्तरमा ध्यान पुऱ्याइनेछ।

४५. आयोजनासँग सम्बन्धीत विषयगत समिति, विषयगत शाखाहरुबाट समेत नियमित अनुगमन मुल्यांकनको व्यवस्था मिलाइनेछ। साथै सम्बन्धीत वडाका वडा अध्यक्ष लगायतका जनप्रतिनिधिहरुबाट समेत अनुगमन मुल्यांकन हुने व्यवस्था मिलाइनेछ। यसबाट बजेट कार्यान्वयनमा अनुशासन र नतिजा प्राप्तिको सुनिश्चितता आउने विश्वास लिएको छु।

आदरणीय सभाध्यक्ष ज्यू,
सभाका सम्पुर्ण सभा सदस्य ज्युहरू

४६. यो बजेटको कार्यान्वयनबाट रम्भा गाउँपालिकाको समग्र आर्थिक तथा सामाजिक विकास भई गाउँपालिकावासीहरुको जीवनस्तरमा सकारात्मक परिवर्तन आउने अपेक्षा गरेको छु।

४७. बजेट तथा कार्यक्रम तर्जुमा गर्दा मार्ग निर्देशन प्रदान गर्नुहुने आदरणीय अध्यक्षज्यू, परामर्श दिने वडाध्यक्षज्यूहरु, कार्यापालिका सदस्यज्यू लगायत सम्पूर्ण जनप्रतिनिधिज्यूहरु, विभिन्न विषयका विज्ञहरु, विभिन्न राजनीतिक दलका नेताहरु, नागरिक समूहका अगुवाहरु, रम्भा गाउँपालिकाका सम्पुर्ण कर्मचारीहरू, एवं पत्रकार लगायतरम्भा आमा,बुवा,दाजु-भाई,दिदि-बहिनीहरु प्रति हार्दिक आभार प्रकट गर्दै यो बजेटको सफल कार्यन्वयनमा समेत सवैको पुर्ण सहयोग पाउने विश्वास राखेको छु

धन्यवाद !

राधाकुमारी श्रेष्ठ

गाउँपालिका उपाध्यक्ष

मितिः २०८३।०३।१०

रम्भा गाउापालिकाको आ.व २०८३/०८४ को बजेट

रम्भा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पिपलडाँडा, पाल्पा

रु. हजारमा

क्र. सं.	कार्यक्रम/ आयोजना/ क्रियाकलापको नाम	खर्च शीर्षक	विनियोजन	स्रोत				कैफियत
				आन्तरिक श्रोत	अन्तर सरकारी वित्तीय हस्तान्तरण			
					नेपाल सरकार	प्रदेश सरकार	स्थानीय तह	
प्रशासनिक तथा कार्यालय संचालन तर्फका कार्यक्रमहरु								
१	पारिश्रमिक कर्मचारी	२११११	३२,००	३२,००	०	०	०	
२	पारिश्रमिक कर्मचारी	२११११	१,००,००	१,००,००	०	०	०	
३	पोशाक/ स्थायि कर्मचारी	२११२१	६,००	६,००	०	०	०	
४	महंगी भत्ता/ स्थायि कर्मचारी	२११३२	१५,००	१५,००	०	०	०	
५	कार्यपालिका समिति तथा अन्य कानूनि समितिको वैठक भत्ता/ पदाधिकारी बैठक भत्ता	२११४१	७,००	७,००	०	०	०	
६	पदाधिकारीअन्य सुबिधा	२११४२	५०,००	५०,००	०	०	०	
७	पानी विजुली	२२१११	४,००	४,००	०	०	०	
८	लिफ्टिङ्ग खानेपानी न्यूनतम विद्युत मशुल भूक्तानी	२२१११	३,००	३,००	०	०	०	
९	संचार खर्च इन्टरनेट	२२११२	८,००	८,००	०	०	०	
१०	व्याकहो लोडर इन्धन	२२२१२	२०,००	२०,००	०	०	०	
११	इधन कार्यालय प्रयोजन	२२२१२	१६,००	१६,००	०	०	०	
१२	सवारी साधन मर्मत खर्च	२२२१३	१०,००	१०,००	०	०	०	
१३	एम्वुलेन्स मर्मत तथा व्यावस्थापन	२२२१३	५,००	४,९२	०	८	०	
१४	मसलन्द तथा कार्यालय सामाग्री	२२३११	१३,००	१३,००	०	०	०	
१५	इन्धन (अन्य प्रयोजन)	२२३१४	२,००	२,००	०	०	०	

क्र. सं.	कार्यक्रम/ आयोजना/ क्रियाकलापको नाम	खर्च शीर्षक	विनियोजन	स्रोत				कैफियत
				आन्तरिक श्रोत	अन्तर सरकारी वित्तीय हस्तान्तरण			
					नेपाल सरकार	प्रदेश सरकार	स्थानीय तह	
१६	पालिका डायरी तथा योजना पुस्तक छपाई	२२३१५	४,००	४,००	०	०	०	
१७	पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च	२२३१५	७,००	०	७,००	०	०	
१८	सेवा परामर्श (विशेषज्ञ सहित)	२२४११	९,००	९,००	०	०	०	
१९	कृषि पशु प्राविधिकको तलब भत्ता/ करार सेवा शुल्क	२२४१३	३५,००	३५,००	०	०	०	
२०	सामाजिक परिचालक (अस्थायी कर्मचारी)	२२४१३	८,००	८,००	०	०	०	
२१	ल्याब एसिस्टेन्टहरुको तलब भत्ता	२२४१३	१९,००	१९,००	०	०	०	
२२	सामुदायिक स्वासथ्य इकाइका कर्मचारिहरुको तलब भत्ता / करार सेवा शुल्क	२२४१३	२०,००	२०,००	०	०	०	
२३	सुचना प्रविधि अधिकृत पालिका हिस्सा/ करार सेवा शुल्क	२२४१३	५,००	५,००	०	०	०	
२४	एम आइ एस तर्फका कर्मचारीहरुको पालिका हिस्साको तलब भत्ता /करार सेवा शुल्क	२२४१३	६,००	६,००	०	०	०	
२५	पालिका तथा वडाका करार कर्मचारि तलब भत्ता /करार सेवा शुल्क	२२४१३	५८,००	५८,००	०	०	०	
२६	नगर प्रहरि तलब भत्ता पोशाक समेत	२२४१३	७,००	७,००	०	०	०	

क्र. सं.	कार्यक्रम/ आयोजना/क्रियाकलापको नाम	खर्च शीर्षक	विनियोजन	स्रोत				कैफियत
				आन्तरिक श्रोत	अन्तर सरकारी वित्तीय हस्तान्तरण			
					नेपाल सरकार	प्रदेश सरकार	स्थानीय तह	
२७	स्वास्थ्य संस्थामा कार्यरत कार्यालय सहयोगि तलब भत्ता /करार सेवा सुल्क	२२४१३	१६,००	१६,००	०	०	०	
२८	पुल हेरालु परिश्रमिक	२२४१३	१,००	१,००	०	०	०	
२९	सामी कार्यक्रम अन्तर्गत कर्मचारी पारीश्रमिक (साझेदारी)	२२४१३	२,३७	२,३७	०	०	०	
३०	नागरिक आरोग्य केन्द्र तथा आयुर्वेद औषधालय कर्मचारी पारिश्रमिक	२२४१३	५,००	५,००	०	०	०	
३१	लेन्थमेन पारीश्रमिक	२२४१९	१५,७०	१३,८०	१,९०	०	०	
३२	सवारि साधन विमा नविकरण आदी/अन्य सेवा शुल्क	२२४१९	५,००	५,००	०	०	०	
३३	घर विमा कार्यक्रम	२२५२२	२,००	०	०	२,००	०	
३४	अन्य सामाजिक सुरक्षा र गरिव परिवार सहायता	२२५२२	४,००	०	०	४,००	०	
३५	विविध कार्यक्रम खर्च	२२५२२	६,००	०	०	६,००	०	
३६	विविध	२२५२९	४,६५	४,६५	०	०	०	
३७	भ्रमण खर्च	२२६१२	१२,००	१२,००	०	०	०	
३८	अन्य भ्रमण खर्च (पारिवारिक)	२२६१९	२,००	२,००	०	०	०	
३९	अतिथि सत्कार तथा व्यवस्थापन	२२७११	२,००	२,००	०	०	०	
४०	बैठक खाजा खाना चिया पानि फलफुल जुस आदी/ विविध खर्च	२२७११	३,००	३,००	०	०	०	
४१	गाउँ सभा संचालन खर्च	२२७२१	५,००	५,००	०	०	०	
४२	विविध सामाजिक संघ संस्था आर्थिक सहायता	२५३१५	२,००	२,००	०	०	०	

